हैमप्रभा– अङ्क २४, २०८२, स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रस, पृ १४–२४, ISSN: 2392-4764 (P)

# स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रस

**खोपीराम वली क्षेत्री, विद्यावारिधि**
शिक्षण सहायक : मानविकी तथा सामाजिक शास्त्र सङ्काय
म.प.वि. बागेश्वरी क्याम्पस, बाँके
Email : olikr3883@gmail.com

**सारसङ्क्षेप**

यस अनुसन्धान कार्यको मूल समस्या रामप्रसाद ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रसको रूपमा कुन रस रहेको छ भन्ने रहेको छ । उद्देश्यका रूपमा अङ्गी रसका रूपमा कुन रसले परिपाक कसरी प्राप्त गरेको छ भन्ने निरूपण गर्नु रहेको छ । यस कार्यका लागि यादृच्छिक नमुना छनोट विधिबाट ज्ञवालीका अन्य थुप्रै प्रबन्धकाव्यमध्ये स्वप्नदृष्टिको छनोट गरी स्वप्नदृष्टिमा पनि अन्य विषय नभएर अङ्गी रसको प्रयोगबारे निरूपण गर्नका लागि आवश्यक पर्ने सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । प्राथमिक श्रोतका रूपमा स्वप्नदृष्टि महाकाव्य र द्वितीय स्रोतका रूपमा भरत, विश्वनाथ र जगन्नाथका रससम्बन्धी मान्यता, स्वप्नदृष्टिसम्बन्धी समालोचना, विवेचना र अनुसन्धान गरिएका सामग्रीको उपयोग गरी तथ्य सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत विश्लेषणात्मक अनुसन्धान विधि प्रयोग गरी रस निष्पत्तिका लागि आवश्यक अवयवका आधारमा स्वप्नदृष्टिमा प्रयुक्त श्लोकलाई साक्ष्यका रूपमा उल्लेख गरी वीर रस अङ्गी रसका रूपमा रहेको र वीर रसलाई अङ्गी रसका रूपमा सहयोग गर्ने गरी शान्त, शृङ्गार,हास्य,रौद्र, अद्भुत, भयानक, करुण,बीभत्स रस अङ्ग रसका रूपमा आएको निष्कर्ष निकालिएको छ । वीर रसको विरोधी रस शान्त र हास्य एवम् भयानक भए पनि यस महाकाव्यमा विरोधी रस पनि कसरी सहयोगी वा अङ्ग रसका रूपमा प्रयोग हुन सक्छ भन्ने नवीन तथ्य प्राप्त भएकाले यो यो अनुसन्धान मौलिक र नवीन बनेको छ ।

**शब्दकुञ्जी :** रससिद्धान्त, अङ्गी रस, अवयव, स्थायी भाव, परिपाक

## विषयपरिचय

प्रस्तुत अनुसन्धानात्मक लेखको शीर्षक स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रस रहेको छ । महाकाव्यको अनिवार्य तत्त्व रस रहेको र त्यसमध्ये वीर, शान्त र शृङ्गारमध्ये कुनै एक अङ्गी हुनु पर्ने पूर्वीय महाकाव्यको मान्यता अनुरूप यस अनुसन्धानको मूल समस्या स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रसको प्रयोग के कसरी भएको छ ? भन्ने रहेको छ । स्वप्नदृष्टि महाकाव्यमा कुन रस अङ्गी रसका रूपमा परिपाकमा पुगेको छ भन्नेर निरूपण गर्नु यस अनुसन्धानको मूल उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धान कार्यमा स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रसको प्राप्ति र अप्राप्तिको अध्ययन–विश्लेषण गरिएको छ । ज्ञवालीले एक सयभन्दा बढी सङ्ख्यामा पुस्तकहरू लेखेका छन् । यस अध्ययनमा उनका सम्पूर्ण कृतिहरूको नभएर स्वप्नदृष्टि महाकाव्य र स्वप्नदृष्टि महाकाव्यमा पनि अङ्गी रसको रूपमा कुन रस प्रयोग भएको छ र परिपाकमा कसरी पुगेको छ भन्ने कुराको मात्र निरूपण गरिनुका साथै हेमप्रभा पत्रिकाका सम्पादक समितिले निर्दिष्ट गरेका विभिन्न सर्तहरूको सीमामा रहेर अध्ययन र मूल्याङ्कन गरिनुसमेत यस अनुसन्धान कार्यको सीमा रहेको छ ।

साहित्यको पुनरावलोकनका रूपमा ज्ञवालीको महाकाव्य एवम् जीवनी र व्यक्तित्वका बारेमा विभिन्न शोधार्थी, अनेक विद्वान् समीक्षक र सामान्य पाठकले आआफ्नो उद्देश्यअनुकूल अध्ययन गरेको पाइन्छ । रामप्रसाद ज्ञवालीका बारेमा

भएका उपर्युक्त पूर्वकार्यहरू उनका प्रबन्धकाव्यका केही विशेषता बुझाउन सहयोगी रहेका छन् । ज्ञवालीका बारेमा भएका पूर्वकार्यहरूका आआफ्नै अध्ययन क्षेत्रहरू स्पष्ट देखिन्छन् । यतिहुँदाहुँदै पनि रसविधानका दृष्टिले अङ्गी रसको प्रयोगका दृष्टिले हालसम्म गहन अनुसन्धान भएको छैन । यही नै यस लेखको अन्तराल वा मूल समस्या भएकाले यसैको खोजीलाई अनुसन्धानको मुख्य लक्ष्य बनाइएको छ ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान कार्य सम्पन्न गर्नका लागि आधारभूत रूपमा निम्नलिखित अनुसन्धान विधिको उपयोग गरिएको छ ।

## अनुसन्धानको ढाँचा

यस अनुसन्धानको मूल समस्या स्वप्नदृष्टि महाकाव्यमा अङ्गी रसको प्रयोग कुन अवस्थामा कुन रस आएको छ भन्ने रहेको र त्यसै समस्या निरूपण गर्नु मूल उद्देश्य रहेको हुँदा रसको सिद्धन्ताकाधारमा निरूपण गर्दा गुणात्मक ढाँचाअन्तर्गत वर्णनात्मक, विश्लेषणात्मक ढाँचाबाट अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

## नमुना छनोट

प्रस्तुत अनुसन्धान कार्यका लागि नमुना छनोट विधिअन्तर्गत पर्ने यादृच्छिक नमुना छनोट विधि प्रयोग गरी रामप्रसाद ज्ञवालीका थुप्रै प्रबन्धकाव्यमध्ये स्वप्नदृष्टिलाई छनोट गरी स्वप्नदृष्टिमा पनि अन्य विषय नभएर अङ्गी रसको पहिचान र निरूपणलाई छनोट गरिएको छ । अन्य प्रबन्धकाव्य भन्दा स्वप्नदृष्टि महाकाव्य नौलो र रसको प्रयोग अवस्था विचित्र खालको देखिएकाले यसलाई छनोट गरिएको छ ।

## तथ्य सङ्कलन विधि

प्रस्तुत अनुसन्धान कार्यको समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन गर्न प्राथमिक र द्वितीयक गरी दुई किसिमका स्रोतहरू उपयोग गरिएका छन् । यस अध्ययनमा स्वप्नदृष्टि महाकाव्यलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । रामप्रसाद ज्ञवालीका रचनामाथि गरिएका शोधकार्य, विभिन्न उद्देश्य राखेर उनी र उनका रचनामाथि गरिएका अध्ययन, उनीमाथि तयार पारिएको विशेषाङ्क र समालोचनाहरू, शास्त्रीय पुस्तकहरू, रसविधानका बारेमा गरिएका शोधप्रबन्धहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यी दुवै प्रकारका सामग्रीहरूको यथोचित उपयोग गरी निरूपण गरिएको छ । यो अध्ययन सैद्धान्तिक र कृतिपरक खालको भएकाले विभिन्न पुस्तकालयको उपयोग गरेर आवश्यक सामग्री सङ्कलन गरिएको छ । आवश्यकताअनुसार प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी प्राप्त सामग्रीको वस्तुपरक विश्लेषणबाट प्रस्तुत अध्ययनलाई तथ्यपरक, अनुसन्धानकेन्द्री र विश्वसनीय बनाइएको छ ।

तथ्य सङ्कलनका साधनहरू

सामग्री सङ्कलनका साधनहरूमा यस अनुसन्धान कार्य सैद्धान्तिक भएकाले पुस्तकालयीय विधिको बढी प्रयोग गरिएको छ । विज्ञहरूको परामर्श, महाकाव्यकारसँग अन्तर्वार्ता लिएर, विभिन्न प्रश्नावली बनाएर पनि सामग्रीको सङ्कलन गरिएको छ ।

तथ्य विश्लेषणको प्रक्रिया वा ढाँचा

प्रस्तुत शोधकार्यमा शोधसमस्याहरूको प्राज्ञिक समाधानका लागि भरतमुनिको नाट्यशास्त्र, विश्वनाथको साहित्यदर्पण र जगन्नाथको रसगङ्गाधरलाई मूलरूपमा सैद्धान्तिक आधारग्रन्थ मानिएको छ । मम्मट र अभिनव गुप्तको रससम्बन्धी मान्यताको पनि उपयोग गरिएको छ । नेपाली साहित्यका रससम्बन्धी विज्ञ विद्वानका धारणाहरूलाई पनि यस अध्ययन प्रयोजनका लागि

सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएका छन् । यिनै सैद्धान्तिक स्थापना र नेपालका महाकाव्यकारहरूको विश्लेषणका लागि अध्येताहरूले उपयोग गर्दै आएका आधारहरूलाई सैद्धान्तिक आधार मानी ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यलाई रसविधानका विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

उल्लिखित विद्वानका मान्यता र उक्त क्षेत्रमा अध्ययनकर्ताहरूले उपयोग गर्दै आएका युक्तिहरूको सर्वेक्षणका आधारमा रामप्रसाद ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यमा रहेको अङ्गी रसगत स्वरूपको विश्लेषण गर्न निम्नानुसारका विश्लेषणात्मक ढाँचाहरू निर्माण गरी अध्ययनलाई व्यवस्थित गरिएको छ :

(क) रससामग्री वा अवयवका आधारमा

(ख) नवरस र यसका प्रकारका आधारमा

प्रस्तुत अध्ययनमा माथि उल्लिखित विश्लेषणात्मक ढाँचालाई उपयोग गरी स्वप्नदृष्टि महाकाव्यमा रसविधानबारे सूक्ष्म विश्लेषण र मूल्याङ्कन गरिएको छ । स्वप्नदृष्टि महाकाव्यको विश्लेषणका क्रममा मूल रूपमा कृतिको सघन पठन, सैद्धान्तिक पक्षको अध्ययन, स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोगलाई सर्गगत तुलना गरेर अध्ययन भएकाले आंशिक तुलनात्मक अध्ययनपद्धतिको समेत उपयोग गरिएको छ । साथै स्वप्नदृष्टि महाकाव्यमा रसको अध्ययन गर्दा महाकाव्यमा प्रयुक्त श्लोकहरूलाई पहिले उदाहरणका रूपमा प्रस्तुत गरी त्यसपछि रसप्रयोगको पुष्टि गरिएको हुँदा आगनात्मक विधि पनि अँगालिएको छ । श्लोक सङ्ख्या र सर्ग सङ्ख्याजस्ता विषयमा आंशिक परिमाणात्मक विधि अँगालिएको भए पनि विश्लेषण एवम् निष्कर्ष निकाल्दा गुणात्मक अध्ययन विधि अपनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

पूर्वीय साहित्यसिद्धान्तको परम्परामा रससिद्धान्त सर्वप्राचीन सिद्धान्त हो । पूर्वीय साहित्यसिद्धान्तका आदि आचार्य भरतमुनिको रससम्बन्धी मान्यता, पूर्वीय रसवादी आचार्यहरूको साधारणीकरणसम्बन्धी मान्यतालाई मूल सैद्धान्तिक पर्याधारको रूपमा उपयोग गरिएको छ । रस के हो भन्नेबारेमा विभिन्न आचार्यहरूले व्यक्त गरेका धारणालाई सैद्धान्तिक पर्याधारको रूपमा आधार बनाइएको छ । अग्निपुराणकारले रसलाई प्राण मानेका छन् । जसका अनुसार "वाग्वैदग्ध्यप्रधानेऽपी रस एवात्र जीवितम्" (अग्निपुराणकार, ई. १९९५, पृ. २२७) । वा वचन विचित्रताको प्रधान भए पनि रसले काव्य बाँचेको हुन्छ । रस नै काव्यको प्राण हो । रसको व्याख्याता नगेन्द्र (सन् १९८२) ले रससिद्धान्तको व्याख्या (पृ. ८१) मा भरतको भनाइ उल्लेख गर्दै आफ्नो मत निम्नअनुसार प्रस्तुत गरेका छन् ।

भरतका अनुसार र नानाभावोपगत स्थायीभाव रस हो वा स्पष्ट शब्दावलीमा विभाव, अनुभाव तथा व्यभिचारी भावको संयुक्त एवम् वाचिक, आङ्गिक र सात्विक अभिनयबाट व्यञ्जित स्थायीभाव रस हो । रस एक प्रकारको भावमूलक कलात्मक स्थिति हो जो कविनिबद्ध विभाव, अनुभाव र व्यभिचारी भावको प्रसङ्बाट नाट्य सामग्रीद्वारा रङ्गमञ्चमा उपस्थित हुन जान्छ ।

"प्राणो वा अङ्गानां रसः" (उपनिषद्, २०२१, पृ. ३२१) । वा शरीरको प्राण नै रस हो । "विभावानुभावव्यभिचारीसंयोगाद् रसनिष्पत्ति" (भरत, सन् १९८३, पृ. ३९) । भरतका अनुसार विभाव, अनुभाव र व्यभिचारी भावको उचित संयोगबाट रसको उत्पत्ति हुन्छ । काव्यको आत्मा अलङ्कार हो भनेर मान्ने भामहले पनि रसबारे यस्तो भनाइ उल्लेख गरेका छन्, "युक्तं लोकस्वभावेन रसैश्च सकलैः पृथक् । रसवद् दर्शितस्पष्टशृङ्गारादिरसं यथा" (भामह, २०२८, पृ. २९) । अर्थात लोक स्वभावअनुसार फरक फरक रसहरू प्रयोग गरिएको हुन्छ जहाँ शृङ्गारिक रसको स्पष्ट तथा साक्षात् वर्णन हुन्छ त्यहाँ रसजस्तै अलङ्कार हुन्छ । दण्डी पछिका आठौँ शदीका बामनले आफ्नो काव्यालङ्कारसूत्रवृत्ति लक्षण ग्रन्थमा रसबारेमा यस्तो मत प्रस्तुत गरेका छन्, "दीप्तारसा

शृङ्गारादयो यस्य स दीप्त रसः" (वामन, सन् २०११, पृ. १५७) अथवा जुन साहित्यकारले शृङ्गार आदि रसलाई उद्दीप्त गर्न सक्दछ तिनलाई नै सौन्दर्यपूर्ण काव्य बनाउन सकिन्छ । शृङ्गारआदि दीप्त रसत्व भएका काव्य कान्तिमय वा सुन्दर मानिन्छन् ।

ध्वनिवादका प्रवर्तक आचार्य आनन्दवर्धनले आफ्नो लक्षणग्रन्थ ध्वन्यालोकमा रसबारेमा आफ्नो धारणा यसरी राखेका छन्, "काव्यस्यात्मा स एवार्थस्तथाचादिकवेः पुरा" (आनन्दवर्धन, २०४२, पृ.२९) । अथवा काव्यको आात्मा त्यो व्यङ्ग्यार्थ (रस) नै हो । रससूत्रका व्याख्याता अभिनव गुप्तका अनुसार रस विषयीगत एवम् रसलाई आस्वादन गरिन्छ । यो आस्वादनको विषय नभएर स्वयम् विषयी हो रस नै काव्यको आत्मा हो । वस्तु र अलङ्कार ध्वनि त रस भित्रै सर्वदा रहेका हुन्छन् वा रसभित्रै हराएका हुन्छन् (अभिनव गुप्त, सन् १९९७, पृ. ८५) । पूर्वीय साहित्यसिद्धान्तका आचार्यहरूमध्ये विश्वनाथ पनि एक सशक्त विद्वान् हुन् । उनले आफ्नो लक्षणग्रन्थ साहित्यदर्पणमा रस सम्बन्धमा यस्तो धारणा व्यक्त गरेका छन्, "वाक्यं रसात्मकं काव्यम्" (विश्वनाथ, सन् १९८२, पृ. २३) । अथवा रसात्मक वाक्य नै काव्य हो ।  सोमनाथ सिग्द्यालले आफ्नो रससम्बन्धी धारणा यसरी व्यक्त गरेका छन् "विभाव, अनुभाव, व्यभिचारीभाव, स्थायीभाव सबैको सामूहिक सम्मेलन भएकाले प्रत्येकको अनुभूतिभन्दा विलक्षण जो अपूर्व आनन्दमय विशिष्ट अनुभूति हुन्छ त्यही रस हो" (सिग्द्याल, २०५८, पृ. १) । अपूर्व आनन्दमय र विशिष्ट अनुभूतिलाई रस मान्ने सोमनाथ सिग्द्यालको विचारले विषयीगत परिभाषालाई सकारेको  पाइन्छ । केशवप्रसाद उपाध्याय (२०५५) ले आफ्नो पूर्वीय साहित्य सिद्धान्त (पृ. २४) मा रससम्बन्धी पूर्वीय साहित्य सिद्धान्तकारहरूको मतलाई आत्मसाथ गरी आफ्नो राय वा मत यसरी उल्लेख गरेका छन्, "शब्द र अर्थद्वारा विभावादिको संयोगबाट अभिव्यक्त भएर आस्वादनको विषयबन्ने व्यङ्ग्यार्थ नै रस हो" । विभावादिको संयोगबाट रस उत्पन्न हुन्छ र आस्वादनको विषय मानेर रसलाई उपाध्यायले विषयीगत परिभाषा दिने जमर्को गरेको पाइन्छ ।

हेमाङ्गराज अधिकारीले पूर्वीय समालोचना सिद्धान्त नामक पुस्तकमा उनले रसवादसम्बन्धी व्याख्या गर्नेक्रममा संस्कृत साहित्य र सिद्धान्तकारहरूको मतबारे चर्चा गर्दै मम्मटले आफ्नो लक्षणग्रन्थ काव्यप्रकाशमा व्यक्त गरेको रसको परिभाषासँग सहमत हुँदै यसरी उल्लेख गरेका छन्, "वाक्य पढ्दा वा नाटक हेर्दा पाठक वा दर्शकमा एक किसिमको भाव जागृत  हुन्छ र एक किसिमको आनन्दको अनुभव पनि तिनीहरूलाई हुन्छ । यही भाव रसरूपमा परिणत भएको हुन्छ । यसैले यस्तो अवस्थाको स्थायीभाव नै रस हो" (अधिकारी, २०६७, पृ. २८) । स्थायी भाव रसरूपमा परिणत भई पाठक वा दर्शकमा आनन्दको अनुभव हुन्छ भन्ने अभिनवको मतसँग हेमाङ्गराज अधिकारी एक देखिन्छन् ।

कुनै पनि रचनामा त्यसभित्र छरिएर रहेका रसहरू अङ्ग रस हुन्छन् भने रचनाको समुच्चमा विद्यमान रस अङ्गी रस हुन्छ । महाकाव्यमा रसको व्यापकता र  निरन्तरता हुनुपर्छ भन्ने प्रथम विद्वान् दण्डी हुन् । उनले रसको अपरिहार्यतासम्बन्धी विचार स्थापित गर्ने काम गरेका छन् । उनका अनुसार, महाकाव्यको आदिदेखि अन्त्यसम्म रस र भावको निरन्तरता हुनुपर्दछ । कुनैकुनै ठाउँमा रसको उन्मेष नभए पनि भावको अस्थायी भाव र स्थायी भावको निरन्तरता महाकाव्यमा अपरिहार्य छ (दण्डी, २०१५, पृ. ६८) । यो उनका पूर्ववर्ती विद्वान्हरूको मतभन्दा नौलो विचार हो । यसै गरी आचार्य रुद्रटले महाकाव्यमा जीवनका यावत् पक्षहरू समेटिने हुँदा यसमा समग्र रस र समग्र भावहरूलाई समेट्न सक्नुपर्दछ भनेर महाकाव्यमा समग्र रसको अपेक्षा गरेको पाइन्छ । महाकाव्यमा अङ्ग रस र अङ्गी रसको अवधारणा विशिष्ट रूपमा प्रस्तुत गर्ने विद्वान् भने चौधौँ शताब्दीका विश्वनाथ हुन् । विश्वनाथले आफ्नो लक्षणग्रन्थ साहित्यदर्पणमा रससम्बन्धी धारणा यसरी प्रस्तुत गरेका छन्, "शृङ्गार वीर शान्त..अङ्गी रस ईष्यते । अङ्गानि सर्वेरूपि रसः" (विश्वनाथ, सन् १९९७, पृ. ६०५) ।  अर्थात् महाकाव्यमा शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक रस मुख्य रसका रूपमा प्रतिपादन गरिनु पर्दछ र अरू सबै रसहरू अङ्ग रसका रूपमा  आउँछन् । विश्वनाथका अनुसार वीर, शान्त र शृङ्गार रसबाहेकका रसलाई महाकाव्यमा मुख्य वा अङ्गी रसका रूपमा लिन सकिँदैन । अङ्गीलाई निष्पन्न गर्न सहयोग गर्ने अवयवलाई अङ्ग भनिन्छ । अङ्गीको अर्थ प्रमुख र अङ्गको अर्थ सहायक भन्ने हुन्छ । महाकाव्यमा कुनै एउटा रस अङ्गी

रसका रूपमा रहन्छ भने अन्य रस अङ्ग रसका रूपमा रहने गर्दछन् भन्ने मान्यता सैद्धान्तिक रूपमा विश्वनाथले स्थापित गरेको पाइन्छ ।

यसरी रस के हो र महाकाव्यमा अङ्गी रसका रूपमा कुन रस रहेको छ भनेर कसरी पहिचान गर्ने भन्ने बारेमा यस अनुसन्धान कार्यमा माथि उल्लिखित सिद्धान्तलाई सैद्धान्तिक पर्याधारको रूपमा आधार उपयोग गरिएको छ ।

## छलफल/विश्लेषण

स्वप्नदृष्टि महाकाव्यमा अङ्ग रसका रूपमा विभिन्न रसहरू आएका छन् । स्वप्नदृष्टि महाकाव्यमा अलगअलग शीर्षक दिइएका जम्मा १७ वटा सर्गहरू छन् । सङ्ख्यात्मक दृष्टिले हेर्दा महाकाव्यका जम्मा १७ सर्गमध्ये १३ वटा सर्गमा वीर रस, एउटा सर्गमा अद्भुत रस र जम्मा तीनवटा सर्गमा शान्त रस प्रमखु रस बनेर आएका छन् । सुरुका दुई सर्ग 'पूर्वाभास' र 'नौलो निमन्त्रणा' तथा र सोहौँ र सत्रौँ सर्ग 'चिडियाघर' र 'आत्मबोध' शान्त रस प्रमखु रसका रूपमा आएका छन् । अङ्गी रसका रूपमा रहेका साक्ष्यहरूको गणना गरी हेर्दा कुल श्लोकसङ्ख्या ११४९ मध्ये अधिकांश श्लोकहरू वीर रसानुकूल रहेका पाइनाले यस महाकाव्यको अङ्गी रस वीर रस नै रहेको पुष्टि हुन्छ ।

स्वप्नदृष्टि विषयका दृष्टिले यात्रा–महाकाव्य हो । यस महाकाव्यको विषयवस्तु नै यात्रा रहेको छ । यसमा यात्रा गर्दा देखिएका,सुनिएका र अनुभूति गरिएका कुराहरूको वस्तुगत चित्रण त छ नै, साथमा कविको आत्मालाप र आत्मगत चित्रण पनि प्रशस्त रहेको छ । त्यसैले पनि प्रस्तुत महाकाव्यमा विविध भावहरू रसमय भएर आएका छन् । कविको वर्णनमा उनका पिता असाध्यै फुर्तिला, कर्मठ र उदात्त चेतना भएका व्यक्ति थिए । यस सर्गमा कविले आफ्ना बितिसकेका पितालाई स्वप्नमा देखेका छन् र स्वप्नमै पिताबाट जीवनलाई काम लाग्ने र जीवनमा गर्नुपर्ने महत्वपूर्ण कुराको सन्देश प्राप्त गरेको बताएका छन् । यस सन्दर्भमा पिताले दिएका अर्तीउपदेश र आफूलाई असल छोरा बनेको हेर्न चाहने उनको इच्छा पूरा गर्न कवि उत्साहित रहेको पाइन्छ । यस सर्गमा समग्रमा शान्त रसानुकूल भावहरूको प्राचुर्य रहेको छ । त्यसैले सर्गको मात्र विश्लेषण गर्दा शान्त रस अङ्गी रसका रूपमा आएको हो कि जस्तो लाग्छ तर यो जीवनप्रतिको वैराग्य भावमा आधारित रसदशा देखिन्न बरु कविमनमा केही नयाँ र काम लाग्ने काम गर्न पाए हुन्थ्यो भन्ने उत्साह भाव नै यस सर्गको मुख्य भाव बनेको देखिन्छ । प्रारम्भमा वीरमध्ये दानवीर, कर्मवीर र धर्मवीरअनुरूप भावना जागृत हुन्छ । पहिलो सर्गमा 'उत्साह' स्थायी भाव परिपाकमा पुगेको अवस्था नभई जागृत हुने अवस्थामा रहेको देखिन्छ । जस्तै :

चाहना मनमा यस्तै आइराख्छन् निरन्तर
कविता लेख्न चाहन्छु शक्तिशाली र सुन्दर
ग्याँस गोबरमा जस्तै, पानीमा बिजुलीसरि
सृष्टि गर्न म चाहन्छु काव्य सौन्दर्यले भरी ।
(पृ. ४१)

माथि उल्लिखित पहिलो सर्गको यी श्लोकमध्ये पहिलोमा गोबरबाट ग्याँस उत्पन्न भएझैँ र पानीबाट बिजुली उत्पन्न भएझैँ जीवनको बोध र अनुभूतिलाई शक्तिशाली र सुन्दर कविता बनाउने कविको चाहना उत्साह भावका रूपमा अभिव्यक्त भएको पाइन्छ । यसरी महाकाव्यको प्रारम्भमै केही खास काम गर्ने उत्साह भाव व्यक्त गरिएकाले पाठकमनमा पनि जीवनमा केही राम्रो कार्य गर्नुपर्दो रहेछ र जीवनको सार्थकताका लागि राम्रा काम गर्नु जरुरी रहेछ भन्ने सन्देश प्राप्त भई उत्साह भाव जाग्ने हुँदा प्रथम सर्गदेखि नै वीर रसले अङ्गी रसका रूपमा स्थान प्राप्त गर्ने पूर्व सङ्केत प्राप्त हुन्छ । यसै गरीजम्मा ५१ श्लोकमा संरचित तेस्रो सर्ग 'बादलमाथि' को पहिलो श्लोकमै उत्साह भाव जागृत गर्ने अभिव्यक्ति पाइन्छ :

आँखा खोज्छन्— पलपल रङ्लिा दृश्य राम्रा म हेरूँ
जिव्रा खोज्छन्— पलपल रसिला खाद्यका स्वाद फेरूँ
गोडा भन्छन्— पलपल म हिँडूँ विश्वको गर्न यात्रा
यात्रामा छन् कविसँग कविका स्नेहिलापात्रपात्रा ।

(पृ. ६५)

यस सर्गमा उत्तर कोरियातिर जाने क्रममा कविको टोलीचीनको ह्लासा एयरपोर्टका लागि उड्ने तरखरमा हुन्छ । यस क्रममा कविले काठमाडौँका एयरपोर्ट, यस सहरको फोहर, धुलोमैलो र धुवाँ हेर्छन् र सम्झन्छन् भने यहाँका मान्छेको जीवनद्धतिबारे विचार गर्छन् । फोहरमैला र अस्तव्यस्ततालाई लिएर कविको मनमा असन्तुष्टि र क्रोध भाव उत्पन्न हुन्छ । यी सर्गमा वीर रसका प्रकारमध्ये युद्धवीरानुकूल भाव नभएर दयावीर, दानवीर र कर्मवीरको स्थायी भाव उत्साह रहेको देखिन्छ । कविभित्र देश र जीवनका निम्ति केही असल कर्म गरौँ तथा केही जानौँ जानौँ, केही सिकौँ सिकौँ भन्ने उत्साह भाव बाट सुरु भएको प्रथम सर्गको उत्साह भाव दोस्रो र तेस्रो सर्गमा थप प्रगाढ बन्दै गएको छ ।

चौथो सर्ग 'महाकविको सम्झना र छेन्दुको तनाव' मा जम्मा ८३ श्लोक छन् । यस सर्गमा कवि ज्ञवाली चीनको छेन्दु भन्ने एयरपोर्टमा पुगेको सन्दर्भ छ । चीनका जनताले गरेको राष्ट्रप्रेम, विकास, निर्माण र त्यहाँका अनौठा दृश्य देखेर उत्साहित कविको मनमा जागेका उत्साह भावसम्पन्न अभिव्यक्ति पढ्दै जाँदा पाठकमा पनि 'उत्साह' स्थायी भाव जाग्न थाल्छ । यस सन्दर्भमा आएका आलम्बन र उद्दीपन विभाव तथा अनुभाव र व्यभिचारी भावले पाठकको मनमा पनिकेही राम्रा काम गर्न पाए हुन्थ्यो भन्ने उत्साह भाव जगाउने कार्य गरेका छन् । कवि हवाईजहाजमा उड्दा र कविले मनमा जगाएका उत्साह भाव अनुभूत गर्दा पाठक पनि सँगै उत्साहित हुन्छ ।

चीनको भूमिमा पुगेपछि कविलाई नेपालका महाकवि देवकोटा र उनले नेपाली साहित्यमा दिएको योगदानको सम्झना हुन्छ । यस सन्दर्भमा कविको मनमा आफ्नो देश र नेपाली महाकवि देवकोटाप्रति श्रद्धाभाव उत्पन्न हुन्छ । यही श्रद्धाभाव व्यक्त गर्ने सन्दर्भमा आएका उपर्युक्त श्लोकहरूमा पनि 'उत्साह' भाव जागृत भई वीर रसको परिपाकनिम्ति सहयोग पुगेको देखिन्छ । यसै गरी पाँचौँ सर्ग 'भाषा सङ्कट र चमत्कार' मा चीनले गरेको अद्वितीय भौतिक विकास देखेर छक्क परेका कविले रोमाञ्चित र उत्साहित हुँदै अभिव्यक्ति दिन्छन् । यस क्रममा उनले व्यक्त गरेका भावमा अद्भुत रस निष्पन्न हुन्छ । चीनले विकास गरेझैँ आफ्नो देशले पनि विकास गर्नुपर्छ र गर्न सकिन्छ भन्ने आशय सहितको अभिव्यक्तिमा पाइने राष्ट्रप्रेम र गौरवबोधमा उत्साह भाव प्रगाढ बन्दै जान्छ ।

लाखौँ सैनिकका निम्ति खानबस्न हुने गरी
शत्रुका साथमा लड्न दृढ किल्ला खडा गरी
हजारौँ कोसको बाटो बनाए पसिना छरी !
सोचेरै पनि भ्याइन्न, लाग्छ आश्चर्य बेसरी !

(पृ. १०५)

यसरी यस पाँचौ सर्गमा पनि वीर रसलाई परिपुष्ट गर्ने सहयोगी रस र वीर रसको सशक्त विधान पाइन्छ । स्वप्नदृष्टि महाकाव्यको छैटौँ सर्गमा जम्मा ९१ वटा श्लोकहरू रहेका छन् । 'माओको देशमा' शीर्षकीकरण गरिएको यस सर्गको शीर्षक नै उत्साहपूर्ण र उत्सुकतापूर्ण रहेको छ । यस सर्गमा कवि जब चीनको राजधानी साङ्घाई पुग्छन् तब त्यहाँको चमत्कारपूर्ण भौतिक उन्नति प्रगति देखेर अत्यन्त प्रभावित हुन्छन् । भ्रमणका क्रममा उनले चीनका जनताले माओलाई भगवान्सरह श्रद्धा अर्पण गरेको देख्छन् । विषयालम्बनका रूपमा चीनका जनताले राष्ट्रका लागि गरेको त्याग, बलिदान, त्यहाँका शासकको निःस्वार्थ र त्यागपूर्ण

नेतृत्व आदि आएका छन् भने आश्रयालम्बनका रूपमा स्वयम् कवि आएका छन् । चीनका क्रान्तिकारी नेता माओले गरेको क्रान्तिसम्बन्धी व्याख्याले उद्दीपन विभावको काम गरेको छ भने चीनमा माओजस्तै नेपालमा पनि असल र त्यागी नेता जन्मेका भए नेपाल पनि चीनझैँ विकसित हुने थियो भन्ने विचार अनुभावका रूपमा आएको छ । यसै गरी चीनको भव्य निर्माण र त्यहाँको व्यवस्था देखेर कविको मनमा उत्पन्न घरी देशको स्मृति, घरी हर्ष, घरी रोमाञ्च, घरी गौरव आदि भाव व्यभिचारी भावका रूपमा आएका छन् । यी विभावादिको संयोगमा 'उत्साह' स्थायी भाव जागृत भई वीर रस निष्पन्न भएको छ । तलको अभिव्यक्तिमा पनि वीर रसानुकूल भाव पाइन्छ :

मरे तापनि बाँचेको हुन्छ उत्कृष्ट मानिस
जल्ले गर्दैन सम्झौता अत्याचारी खुनीसीत
माओले पनि सम्झौता गरेनन् रे कसैसित
लेडे रे जनतानिम्ति लड्नुपर्ने सबैसित ।

(पृ. ११६)

यस सर्गमा पनि चीनको प्रगति र विकासको गति देखेर कवि चमत्कृत बन्दाका अद्भुत रस, भोकले आन्द्रा बटारिएको प्रसङ्गको हास्य रस, माओप्रतिको श्रद्धाभाव व्यक्त गर्दा आएको शान्त रस आदि सबै वीर रसानुकूल भएर आएका छन् । यहाँ वीर रसका प्रकारमध्ये युद्धवीर नभएर कर्मवीर, दानवीर भाव अङ्गी बनेर आएको देखिन्छ । अन्य रसहरू वीर रसानुकूल भई आएर वीर रसलाई परिपाकतामा पु¥याउन सहयोग गरेका छन् ।

प्रथम सर्ग 'पूर्वाभास'मा पूर्वसङ्केतका रूपमा रहेको 'उत्साह' भाव रहस्यमय राष्ट्र उत्तर कोरिया पुगेपछि थप विकसित भएको छ । त्यस भूमिमा पाइला टेक्नुपूर्वदेखि नै कविको मनमा उत्तर कोरिया कस्तो होला, पश्चिमा मिडियाले भनेझैँ खत्तम होला कि केही राम्रो होला भन्ने जिज्ञासा प्रस्तुत गरिएको छ । यस प्रस्तुतिमा उत्साह भाव उद्दीप्त हुन्छ । त्यसपछि कवि जहाँ जहाँ विचरण गरेका छन् त्यहाँ त्यहाँ त्यहाँपाठक मन पनि विचरण गर्ने गरी उत्साह भावले परिपुष्ट हुने किसिमको अभिव्यक्ति दिइरहन्छन् । यस सर्गमा आएर उत्तर कोरियालाई देखी नसहने राष्ट्र अमेरिकाको चर्चा गर्ने सन्दर्भमा एकदुई ठाउँमा आएको रौद्ररसानुकूल भाव, उत्तर कोरिया देखेपछि जीवनबोध भएको शम भावानुकूल अभिव्यक्तिमा शान्त रस र उत्तर कोरियाको विकास देखेर चमत्कृत हुँदा व्यक्त भएका भावमा अद्भुत रसानुकूल श्लोकहरू आएका छन् जसले वीर रसानुकूल भएर आई वीर रसले परिपाकता प्राप्त गरेको छ ।

अमेरिका र जापान, पश्चिमा देशले निकै
बदनाम गरेका छन् यसलाई सधैँ सधैँ
बितेका दशकौँ वर्ष लड्यो अमेरिकासित
देखिन्छन् आजपर्यन्त वीर धारा तरङ्गित ।

(पृ. १०९)

आठौँ सर्गमा 'परिचय' शीर्षक दिइएको जम्मा ६५ श्लोक छन् ।सर्गको सुरुमा कवि उत्तर कोरिया पुगेपछि पहिलो दिन भएको कार्यक्रमका बारेमा चर्चा गरिएको छ । यस सर्गमा कविले कार्यक्रममा उपस्थित भएका विश्वका प्रतिनिधिसमक्ष नेपालको परिचय दिने सन्दर्भमा नेपालका धार्मिक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र भौगोलिक पक्षको भव्य वर्णन गर्छन् । प्रकृतिप्रेमी तथा असल संस्कृतिप्रेमीले गर्व गर्नलायकको 'नेपाल परिचय'को अध्ययन गर्दा पाठकको मनमा पनि उत्तिकै गर्वबोध हुन्छ भने राष्ट्रप्रेमले ओतप्रोत 'उत्साह' भाव जागृत हुन्छ :

जहाँ बुद्ध स्वयं आई शान्तिका दीप बाल्दछन्
खोला, नदी र झर्नाले जहाँ मैलो पखाल्दछन्
जहाँ श्रमिकका गन्ध छर्छन् सौरभ विश्वमा
जहाँ सुन्दरता खुल्छन् सुनौला परिदृश्यमा
(पृ. १५२)

९८ श्लोकमा संरचित नवौँ सर्ग 'साम्राज्यवाद'मा पनि वीर रस अङ्गी रसका रूपमा आएको छ । यस सर्गमा जुछे विचारधाराका प्रवर्तक किम इल सुङले शत्रुराष्ट्र अमेरिका र जापानसँग सम्झौताविहीन तरिकाले लेडेको र अद्वितीय वीरता प्रदर्शन गरेको कुरा उल्लेख गरिएको छ । यस सन्दर्भमा व्यक्त गरिएको वीर रसात्मक अभिव्यक्तिले कोरियाली जनताको राष्ट्रप्रेम, अदम्य साहस, ऐकबद्धता र शत्रुको प्रतिकारको वर्णनपाठक आफैँ सहभागी भएझैँ बोध हुने गरी गरिएको छ । तलको अभिव्यक्ति पनि यस कुराको एक उदाहरण हो :

रक्षार्थ राष्ट्रको बन्छन् शस्त्र–अस्त्र सगौरव
न्याय, शान्ति र मायाले नहुँदाखेरि सम्भव
शक्तिशाली बनाएर राष्ट्रव्यापी अखण्डता
सेना र जनता हिँड्छन् एकढिक्का बनी सदा ।
(पृ. १७०)

जम्मा ४६ श्लोकमा संरचित दसौँ सर्ग विधि–प्रविधिमा उपहार प्रदान, दिइएका उपहार जाँचबुझ गरेर मात्र लिने प्रक्रिया, जथाभावी फोटो खिच्न नपाइने कडा नियम, नेताको फोटो भएको व्याच लगाएर हिँड्ने कोरियनहरू, आफ्नो देशको राष्ट्रिय झन्डा र राष्ट्रप्रति त्यहाँका जनताको अद्वितीय मोह र राष्ट्रियताप्रतिको दृढ आस्था आदि कुराको व्याख्या गर्ने सन्दर्भमा वीर रसानुकूल भावहरू जागृत हुन्छन् । विदेशी पाहुनाहरूलाई उत्तर कोरियाको राष्ट्रिय स्वाभिमान र वीरताको इतिहासको जानकारी दिने क्रममा त्यहाँको प्रोफेसरले भनेको कुराको चर्चामा पनि वीर रसानुकूल अभिव्यक्ति पाइन्छ :

म गर्छु तुलना, चल्छन् यस्तै यस्तै कुराहरू
गम्दै  यस्तै कुरालाग्यौँ हामी हेर्न कुरा अरू
प्रत्येक कक्षमा नौला आविष्कारहरू थिए
पुस्तकालयका साथै कुरा नौला अरू थिए ।
(पृ. १९३)

यस सर्गमा अमेरिकी सेनाले उत्तर कोरियामाथि आक्रमण गरेको डकुमेन्ट्री प्रस्तुत गरिन्छ भने कोरियाले गरेको सशक्त प्रतिकार र जीतको इतिहास बताइन्छ । यस क्रममा दुई दशकभित्र कोरियाले गरेको प्रगति जानकारी पनि दिइन्छ । उक्त वृत्तचित्रसम्बन्धी वर्णनमा आश्चर्य भावका साथै उत्साह भाव जागृत भई वीर रस उत्कर्षमा पुग्छ ।

७६ श्लोक भएको १२ औँ सर्ग 'औपचारिकता' मा जुछे विचारधाराको महत्त्वका बारेमा जानकारी गराइएको छ । यसमा भारतीय प्रतिनिधि 'गुप्ता' को अध्यक्षता र विभिन्न मुलुकका प्रतिनिधिहरूको प्रतिनिधित्वमा गोष्ठी सम्पन्न गरिएको बताइएको छ । गोष्ठीमा नेपालका तर्फबाट माणिक लामा र शंकर भारतीले कार्यपत्र तथा मन्तव्य प्रस्तुत गरेका छन् । यीमध्ये लामाले अमेरिका र भारतप्रति व्यक्त गरेको उत्तेजक प्रस्तुति, विश्व साम्राज्यवादको नाइके अमेरिका नै भएको र संसारमा आतङ्क फैलाउनेमा अमेरिका नै मुख्य देश भएको विचार प्रस्तुत गरिन्छ । लामाले भारतीय दादागिरीले सार्क राष्ट्रलाई सताइरहेको छ भने अमेरिकी साम्राज्यवादले विश्वलाई नै सताएको छ भन्ने निष्कर्ष प्रस्तुत गर्छन् । अमेरिकाका सन्दर्भमा अन्य केही मुलुकका प्रतिनिधिको

मन्तव्यको सार पनि उनको जस्तै हुन्छ। यी अभिव्यक्तिहरूमा राष्ट्रियता, विद्रोह र प्रतिकारका लागि 'उत्साह' भाव जागृत भई परिपाकतातर्फ पुगेको छ। यस सर्गमा प्रस्तुत गरिएको कोरियाली राष्ट्रवाद र नेपाली राष्ट्रवादबाट 'उत्साह' भावलाई उद्दीप्त भई वीर रस निष्पन्न हुन्छ।

६५ श्लोकमा रचिएको तेह्राँ सर्ग 'आलम्बन' मा उत्तर कोरियाका दुई महानायक किम इल सुङ र किम इल जोङका शव राखिएको स्थान र किम इल सुङको जन्मघरको यात्राको काव्यिक वर्णन छ। कोरियाली दुई महानायकप्रति जनताको श्रद्धाभाव, क्रान्तिका नायकका रूपमा गरिएको सम्मान, त्यहाँका झाँकी, नाचगानमा देखिएको राष्ट्रप्रेम आदिको वर्णन पढ्दा पाठकमनमा पनि राष्ट्रभाव जाग्छ भने कतिपय अभिव्यक्तिमा शरीर नै जिरिङ्ग भएर देश निर्माणमा अहिल्यै नै लाग्नुपर्छ भन्ने 'उत्साह' भाव जागृत हुन्छ। ती महानायकका परिवारका सबै सदस्य नै क्रान्तिकारी रहेका, क्रान्ति र देशप्रेमको भावना उनीहरूको घरपरिवारको वातावरणमा नै भएको भन्ने किसिमको अभिव्यक्तिमा वीर रसानुकूल उत्साह भाव जागृत हुन्छ :

क्रान्तिकारी थिइन् आमा चेतनाकी महाधनी
सिकाइन् लड्न आमाले आफै वीराङ्गना बनी
आमाले नै स्वयं खोजी दिइन् पेस्तोल–बन्दुक
सामन्तवाद–साम्राज्यवाद ढालोस् भनी तब।

(पृ. २३५)

महाकाव्यको तेह्रौँ सर्ग पनि प्रथम सर्गमा पनि उत्तर कोरियाली महानायकहरूको कर्मवीर कार्यकलापमा 'उत्साह' भाव जागृत हुँदै जान्छ भने 'कल्पनातीत' नामकरण गरिएको चोधौँ सर्गमा पनि वीर रस नै अङ्गी रसका रूपमा रहेको छ। यस सर्गमा कोरियनहरूले तयार पारेको अद्भुत भित्तेकला देखाइएको छ। कोरियन गाइडले विश्वका प्रतिनिधिहरूलाई उत्तर कोरियाका बारेमा भ्रम छर्न पुँजीवादी राष्ट्र र तिनका पिछलग्गु देशहरूले गरेका गलत प्रचार, तिनीहरूले मच्चाएका युद्ध आतङ्क, युद्धमा पराजित भएपछि अमेरिका उत्तर कोरियासँग झुकेको प्रसङ्ग, अमेरिकी फौजबाट कोरियाली फौजले बरामद गरेका जहाज, तोप, बन्दुक आदिका बारेमा विस्तारमा जानकारी गराउँछ। यस वर्णनमा अद्भुत रस सहयोगी बनेको छ भन 'उत्साह' भाव प्रगाढ बन्दै गएर वीर रस परिपुष्ट भएको छ।

हामीले यो बुझेका छौँ अरूले नबुझे पनि
दुष्टका सामु झुक्दैनौँ वेदनाले रुझे पनि
थोपा रगतको यौटा हामीभित्र रहेतक
कोरिया झुक्न मान्दैन 'कोरियाली' रहेतक !

(पृ. २७३)

६५ श्लोकमा संरचित सोह्रौँ सर्ग 'चिडियाघर' मा धैरै श्लोक शान्त रसानुकूल रहेका छन् तर त्यसको आशय र प्रभाव भने उत्साह भावअनुकूल देखिन्छ। प्रत्यक्षतः वीर रसको स्थायी भाव 'उत्साह' कमै छ जस्तो देखिए यसमा समेत पूर्वसर्गहरूमा जागृत 'उत्साह' भाव सघन नै बनेको पाइन्छ । यस्तो बुझाइ व्यक्त गर्ने सन्दर्भमा अरुको स्वतन्त्रताको हरण गर्ने, पैसा र शस्त्रास्त्रको बलमा अरुको भूमि र राष्ट्रियतामाथि धावा बोल्ने साम्राज्यवादका विरुद्ध तथा राष्ट्रिय स्वाभिमानका पक्षमा पनि शक्तिशाली अभिव्यक्ति दिइएको छ जसमा 'उत्साह' भाव जागृत भई वीर रस निष्पन्न हुन्छ :

शत्रु देशहरूठोक्छन् शस्त्र अस्त्र घरी घरी
कोरिया यो लडैकै छ टुक्रा टुक्रा हुँदाधरी
खेप्दै बाँचिरहेको छ प्रतिबन्ध सयौँ थरी

गर्वसाथ बसको छ आफ्नो स्वत्व खडा गरी ।

(पृ. २८७)

महाकाव्यको अन्तिम सर्गका रूपमा रहेको सत्रौँ सर्ग 'आत्मबोध' मा ६३ वटा श्लोकहरू रहेका छन् । 'पूर्वाभास' सर्गबाट जागेको 'उत्साह' भाव पिरामिड शैलीमा विकसित हुँदै यस सर्गमा आएर विश्राममा पुगेको छ । महाकाव्यको दोस्रो सर्गबाट उडान भरेको उत्साहरूपी जहाज चीनको आकाशमा उड्दै गर्दा, चीनको अनौठो भूमिमा अवतरण गर्दै ग र्दा, उत्तर कोरियाको आकाशमा पुगेर उद्दीप्त हुँदै र उत्तर कोरियाको भूमिमा पाइला टेक्दै गर्दा झन् झन् प्रगाढ बन्दै गएको छ । यस भ्रमणका क्रममा कवि जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ 'उत्साह' भाव जागृत  हुन्छ । कवि विदेशी भूमिको भ्रमण गरी स्वदेश फर्कंदासम्म 'उत्साह' भावको निरन्तरता रहेको छ । रस प्रयोगका दृष्टिले स्वप्नदृष्टि महाकाव्यमा अभिव्यञ्जित भाव र त्यसको परिपुष्टरूप रसको अवस्था हेर्दा कवि ज्ञवालीको नेपालदेखि उत्तर कोरियासम्मको यात्रा अनि यात्राबाट फर्केपश्चात् उनीबाट गरिएको आत्माबोधसम्मको विषय उल्लेखमा केन्द्रीय (अङ्गी) रस वीर रस नै देखिन्छ ।

## निष्कर्ष

स्वप्नदृष्टि महाकाव्यमा रहेका १७ वटा सर्गको अलग अलग विश्लेषण गरी अङ्गी रसको निरूपण गरिएको छ । कवि नेपालदेखि चीन हुँदै उत्तर कोरियाको भ्रमणमा जानु अगाडिको प्रसङ्गदेखि भ्रमण सकेर नेपाल फर्की भ्रमण जानु अगाडि र भ्रमणमा देखेसुनेभोगेका एवम् भ्रमणपश्चात् मनमा उठेका भावलाई व्यक्त गरिएको विषयवस्तुमा संयोजन गरिएको छ ।

रस प्रयोगका दृष्टिले स्वप्नदृष्टि महाकाव्यको अङ्गी रस वीर रस नै हो । प्रथम सर्गको प्रथम श्लोकमा सङ्केतका रूपमा देखा परेको उत्साह भाव महाकाव्यको तेस्रो सर्गबाट घनिभूत हुँदै रहस्यमय देश उत्तरकोरियाको भूमिमा पुगेपछिका भावहरू व्यक्त गर्दा उत्साह भाव चरमोत्कर्षमा पुगेर चीन र उत्तरकोरियाको भ्रमण सकेर आएपछि फलागमको रूपमा देखा परेको छ । यस महाकाव्यमा उत्साह स्थायी भाव हुने वीर रस अङ्गीका रूपमा आउँदा अन्य आठवटा रस अङ्ग वा सहायक बनेर आएको छ । वीर रसको युद्ध वीर नभएर कर्म वीर, दान वीर, धर्म वीरजस्ता भाव उत्कर्षमा पुगेर परिपाक प्राप्त गरेको छ ।

वीर रसको विरोधी रस मानिने शान्त, हास्य र भयानक रस पनि वीर रसको अङ्ग वा सहयोगी बनेर आएको तथ्य निरूपण गरी निष्कर्ष निकालिएकाले यस महाकाव्यमा रस प्रयोग विचित्र र अनन्य भन्दा फरक रहेको छ । सघन आख्यान नभएर झिनो आख्यान भएर पनि नौवटा रसको प्रयोग हुनु, विरोधी रस पनि अङ्ग रस बनेर आउनुजस्ता नवीन तथ्य पहिचान गरी निष्कर्ष निकालिएको यस अनुसन्धानात्मक लेख नौलो र विशिष्ट रहेको छ ।

## कृतज्ञता ज्ञापन

यस अनुसन्धान लेख तयार पार्न प्रोत्साहन दिने तथा सहयोग गर्ने व्यक्तित्वहरू, विज्ञ समीक्षक, सम्पादक मण्डल, अन्य प्रेरक  र सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएका सामग्रीका लेखकहरूप्रति हार्दिक  कृतज्ञता ज्ञापन व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्री सूची

अग्निपुराणकार (सन् १९८५), अग्निपुराण (अनु), तारिणी झा, दिल्ली : हिन्दी साहित्य सम्मेलन ।

अधिकारी, विष्णु (२०७४), सारसङ्क्षेपमा पश्चिमी दर्शन, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), पूर्वीय समालोचनाको सिद्धान्त, ललितपुर : साझा प्रकाशन ।

अभिनव गुप्त (सन् १९९७), ध्वन्यालोकलोचन टीका, वराणसी : चौखम्बा संस्कृत सिरिज आफिस ।

अधिकारी, महादेव (२०६४), "स्वप्नदृष्टि महाकाव्यमाथि पाठकीय समीक्षा" भानु वर्ष ५३,

अङ्क २०६, साउन, पृ २७–४६ ।
आचार्य, कृष्णप्रसाद (२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य, काठमाडौँ : क्षितिज प्रकाशन ।
आनन्दवर्धन (२०४२), ध्वन्यालोक (ते.सं.) वाराणसी : चौखम्बा विद्याभवन ।
ओझा, रामनाथ र गिरी, मधुसूदन (२०५८), शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।
गैरे, शङ्करप्रसाद (२०६४), रससिद्धान्त र विश्लेषण, काठमाडौँः डिकुरा पब्लिकेसन ।
जगन्नाथ (सन् २०१२), रसगङ्गाधर व्याख्या, मदनमोहन झा वाराणसी : चौखम्बा विद्याभवन ।
ज्ञवाली, रामप्रसाद (२०७४), स्वप्नदृष्टि, काठमाडौँ : ऐरावती प्रकाशन ।
दण्डी (२०१५) काव्यदर्श, वाराणसी : चौखम्बा विद्याभवन ।
दीक्षित, आनन्द प्रकाश (सन्. १९७२), रस सिद्धान्तः स्वरूप विश्लेषण (दो.सं.), दिल्ली : राजकम प्रकाशन ।
नगेन्द (सन् १९८२), रस–सिद्धान्त (चौ.सं.), दिल्लीः नेशनल पब्लिशिंग हाउस ।
ढकाल) पृ.२२६–२४४, पोखरा : गण्डकी साहित्य सङ्गम ।
पौडेल, विष्णुप्रसाद (२०५६), संस्कृत काव्यशास्त्र, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
भटट्नायक (सन् १९९७), ध्वन्यालोक लोचन टीका, वनारस : चौखम्बा संस्कृत सिरिज अफिस ।
भरत (सम्पा.), (सन् १९८३), नाट्यशास्त्र, केदारनाथ, दिल्ली : भारतीय विद्या प्रकाशन ।
भरत (सम्पा.), (सन् २०६७ ), नाट्यशास्त्रम् ,बाबुलाल शास्त्री, वाराणसी : चौखम्बा संस्कृत संस्थान ।
भरत (अनु./संम्पा.), (सन् २०७७), भरतमुनिको नाट्यशास्त्र (दो.सं.), गोविन्दप्रसाद भट्टराई, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
मम्मट (सम्पा.), (सन् १९००), काव्यप्रकाश व्याख्या, आचार्य शिवराज कौण्डिन्याचन, दिल्ली : मोतीलाल वनारसीदास ।
रुद्रट (सन् १९६८), काव्यालङ्कार, वरारसी : प्राच्य प्रकाशन ।
लुइँटेल, खगेन्द्र प्रसाद र शर्मा, मोहनराज (२०६१), पूर्वीय तथा पाश्चात्य साहित्यसिद्धान्त, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
वली, खोपीराम (२०८१) रामप्रसाद ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यमा रसविधान (अप्र.शोधप्रबन्ध), दाङ : ने.सं.वि. अनुसन्धान केन्द्र ।
विश्वनाथ (सन् १९८२), साहित्यदर्पण, वराणसी : मोतीलाल वनारसीदास ।
वामन (सन् २०११), काव्यालङ्कार सुत्रवृत्ति, दिल्ली : आत्मराम एन्ड सन्स ।
शर्मा, गोपीकृष्ण (२०५६), संस्कृत साहित्यको रूपरेखा (दो.सं.) काठमाडौँ : अभिनव प्रकाशन ।
श्रेष्ठ, धीरकुमार (सम्पा.), (२०७८), “स्वप्नदृष्टि समालोचना” काठमाडौँ : शब्दाङ्कुर ।
सिग्द्याल, सोमनाथ (२०५८), साहित्य प्रदीप, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
गैरे, शङ्करप्रसाद (२०६४), रससिद्धान्त र विश्लेषण, डिकुरा पब्लिकेसन ।
जगन्नाथ (सन् २००३), रसगङ्गाधर, चौखम्वा विद्याभवन ।